SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था
Shine for your shining life

पत्रसंख्या : शा.रे.डे.बैं.लि./२०७७/०७८/९०५

मिति : २०७७/०९/०३

**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय : **बोनश शेयर वितरण सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस विकास बैंकको मिति २०७७/०९/०३ गते दिउसो ३ : ३० बजे बसेको सञ्चालक समितिको बैठक नं. २२५ को निर्णय नं. २ बाट आर्थिक बर्ष २०७६/०७७ को वितरणयोग्य मुनाफाबाट वित्तीय विवरण स्वीकृत गर्ने मितिमा कायम रहेको चुक्ता पूँजी रु. ३ अर्ब १ करोड ६३ लाख ३९ हजार ७ सय ४२ र पैसा ४९ को १३ प्रतिशतले हुन आउने रकम रु. ३९ करोड २१ लाख २४ हजार १ सय ६६ र पैसा ५२ बराबरको बोनस शेयर वितरण गर्ने निर्णय भएको ब्यहोरा अनुरोध गर्दछौं ।

साथै, आयकर ऐन, २०५८ को दफा ४७ क(५) मा भएको व्यवस्था अनुरुप वित्तीय संस्थाहरु गाभिएको अवस्थामा कायम शेयरधनीलाई गाभिएको मितिले २ (दुई) वर्ष भित्र वितरण गरेको लाभांशमा कर आकर्षित नहुने व्यवस्था रहेकोले लाभांश करको व्यवस्था नगरिएको र गाभिए पश्चातको मितिवाट बैंकको साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता किताव बन्द हुने मितिसम्म कायम हुने नयाँ शेयरधनीहरुको हकमा लाभांश कर सम्बन्धित शेयरधनीहरुबाट असुलउपर गरेर मात्र बोनश शेयर वितरण गर्ने निर्णय भएको ब्यहोरा अनुरोध गर्दछौं ।

उक्त बोनस शेयर नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भई बाह्रौं वार्षिक साधारण सभाबाट पारित भएपश्चात वितरण गरिने ब्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौं ।

**भवदीय,**

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

...............
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव

रजिष्टर्ड कार्यालय: बुटवल-६, रुपन्देही फोन नं. ०७१-५५१५००, ५५१४९८ फ्याक्स: ०७१-५५१४९७
"शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले पूर्णिमा विकास बैंक लिमिटेड र भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको"